# नेपाल नागरिक उड्डयन प्राधिकरण
## त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय, गौचर, काठमाण्डौ
## श्री ए.बि.पी.मार्ट प्रा.ली., ललितपुर-१५ को नाममा जारी गरिएको सूचना

त्रिभुवन अन्तर्राष्ट्रिय टर्मिनल भवनको भुई तल्लाको वाहिर पट्टि रहेको आगमन तर्फको प्रतिक्षालयको १०.०० वर्ग मिटर क्षेत्रफलमा चिया, कफी पसल संचालन गर्ने कार्यको लागि नयाँ ठेक्का बन्दोबस्त गर्न मिति २०७५।०७।१९ मा सार्वजनिक सूचना प्रकाशित गरिएकोमा तोकिएको म्याद भित्र दर्ता भएका बोलपत्रहरुको आवश्यक प्रकृया पुरा गरी श्री ए.बि.पी.मार्ट प्रा.ली., ललितपुर-१५ ले पेश गरेको बोलपत्र स्वीकृत गरी मिति २०७५।०९।१७ मा आफूले कबुल गरेको ठेक रकमको प्रथम किस्ता वापतको रकम र कबुल रकमको २५% बराबरको जमानत वापतको Performance Bond सहित १५ दिन भित्र सम्झौता गर्न आउन पत्राचार गरिएको र यस विचमा त्यस प्रा.ली.ले विभिन्न व्यहोरा जनाई निवेदन पेश गरेको र सो निवेदनको जवाफ समेत दिईएको । यस कार्यालयबाट मिति २०७५।१०।०३ र मिति २०७५।१०।०६ मा पुनः प्रथम किस्ता वापतको रकम र जमानत स्वरुप Perfoemnace Bond सहित सम्झौता गर्न आउनु अनुरोध गरिएकोमा उक्त प्रा.ली.ले प्रथम किस्ता वापतको रकम रु.२०,००,०००।- (बीस लाख रुपैयाँ) राष्ट्रिय वाणिज्य बैंक गौचर शाखामा रहेको यस कार्यालयको खाता नं. ५८ मा दाखिला गरेको सक्कल भौचर र Performance Bond वापत 23 January 2019 मा जारी भएको NABIL Bank को 22 July 2022 सम्म मान्य अवधि भएको रु. ६०,००,०००।-(साठ्ठी लाख रुपैयाँ) बराबरको Performance Bond मिति २०७५।१०।०९ मा पेश गरेको तर सम्झौता गर्न नआएको हुँदा यस कार्यालयबाट मिति २०७५।११।०५ र मिति २०७५।११।१३ मा सम्झौता गर्न आउन र नआएमा बोलपत्रहरुको शर्त एवं प्रचलित कानुन बमोजिम भैजाने व्यहोरा सहित ताकेता गरिएकोमा हालसम्म पनि सम्झौता गर्न नआएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र सम्झौता गर्न अख्तियारी सहित यस कार्यालयको कर्पोरेट महाशाखामा आधिकारिक व्यक्ति उपस्थित हुन जानकारी गराईन्छ । तोकिएको म्यादभित्र सम्झौता गर्नको लागि उपस्थित नभएमा नेपाल नागरिक उड्डयन प्राधिकरण विमानस्थल सेवा शुल्क नियमावली, २०६७ (संसोधन सहित) को नियम ४४ (२) र (४) बमोजिम कार्यवाही हुने व्यहोरा जानकारी गराईन्छ ।